# अभिभावक कुटपिट प्रकरण नयाँ मोडमा शिक्षकविरुद्ध अंगभंगसम्बन्धी मुद्दा दायर

**प्रकाश न्यौपाने/हिटा**
**नवलपरासी, २३ भदौ**

पुर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका-७ मा रहेको उज्ज्वल शिशु बोर्डिङ स्कुलका सञ्चालकले कुटपिट गरी अभिभावकको खुट्टा भाँचिदिएको खबरले अहिले चर्चा पाइरहेको छ । स्कुलका प्रिन्सिपल समेत रहनुभएका दीपक कुँवरले शुल्क नतिरेको भन्दै अभिभावकलाई कुटपिट गरेको घटनाबाट विवाद सृजना भएको हो । दुवै पक्षले आ-आफ्नै दाबी गरे पनि वास्तविकता भने अझै खुल्न सकेको छैन । पीडित पक्ष मानिएका अभिभावकले आफू शिक्षकको कुटाइबाट घाइते भएको बताउँदै आउनुभएको छ भने प्रत्यक्षदर्शीले भने उहाँ कुटाइबाट नभई चिप्लेर लडनुभएको बताएका छन् ।


घाइते कृष्ण प्रसाद आचार्य ।


प्रकाश कुँवर, स्कुलका प्रिन्सिपल दीपक कुँवरका भाई

### यसरी घटेको थियो घटना

विनयी त्रिवेणी गाउँपालिका-७ मा रहेको उज्ज्वल शिशु इंग्लिश बोर्डिङ स्कुलमा स्थानीय कृष्ण प्रसाद आचार्यका दुई छोराहरूले केही वर्षअघि नै माध्यमिक शिक्षा उत्तीर्ण गरिसक्नुभएको छ । दुवै छोराहरूलाई पढाउँदा विद्यालयमा तिर्न बाँकी शुल्कका लागि विद्यालयको तर्फबाट पटक-पटक ताकेता भइरहे पनि शुल्क नबुझाएको विद्यालयका लेखापाल बाबुराम सुवेदीले बताउनुभयो । आचार्यले दुवै छोराहरूको गरेर ५१ हजार ७५ रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको लेखापाल सुवेदीको भनाइ छ । घाइते आचार्यका अनुसार समय-समयमा केही रकम भुक्तानी गरेकाले ३० देखि ३५ हजारको हाराहारीमा भुक्तानी गर्न बाँकी रहेको हुन सक्ने बताउनुभयो ।

आचार्यका अनुसार शुल्क तिर्न बाँकी रहेको विषयलाई लिएर विद्यालयका प्रधानाध्यापक दिपक कुँवरले आफूमाथि हातपात गरेको बताउनुभयो । एक्कासी कुटपिट गर्दा आफू बेहोस भएको र कुटपिटबाट आफ्नो खुट्टा भाँचिएको उहाँको भनाइ छ । कुटपिटबाट घाइते भएपछि विद्यालय पक्षले नै एम्बुलेन्सको व्यबस्था गरी सहिद स्मृति सामुदायिक अस्पतालमा पठाएकोमा त्यहाँ एक्सरे गर्ने क्रममा खुट्टा भाँचिएको र अस्पतालमा उपचार गर्न नसक्ने भनी रिफर गरेपछि बुटवल पुगेको आचार्यले बताउनुभयो । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गाउँपालिका-३ पत्थरकल्लाका ५२ वर्षीय आचार्यको बुटवलस्थित लुम्बिनी सिटी अस्पतालमा उपचार भइरहेको छ ।

घटना गत साउन २८ गतेको भए पनि झण्डै २४ दिनपछि मात्र बाहिर सार्वजनिक भएको हो । उहाँले पीडक पक्षले एक/दुई पटक अस्पताल आएर भेटेको र त्यसपछि कुनै सोधपुछ नगरेको गुनासो गर्नुभयो । हालसम्म उपचारका क्रममा झण्डै तीन लाख रुपैयाँको हाराहारीमा खर्च भएको र अझै पनि खर्च हुने भएकाले पनि उपचारका लागि रकम अभाव भएको आचार्यका छोरा लक्ष्मणले बताउनुभयो । उपचार खर्च बेहोर्नुपर्ने, सार्वजनिक रुपमा माफि माग्नुपर्ने र बुवाले तत्काल कही काम गर्न नसक्ने भएकाले कम्तीमा दुई बर्षका लागि सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।

### उपचारमा संलग्न डाक्टरको भनाइ के छ त ?

घाइते अवस्थामा अस्पतालमा आएका कृष्ण प्रसाद आचार्य साउन २८ गते नै अस्पताल भर्ना भएपछि नै उहाँको उपचार प्रकृया सुरु भएको उपचारमा संलग्न डाक्टर अन्जनी वर्नवालले बताउनुभयो । तत्काल सुगरको मात्रा बढी भएकाले सुगरडाउन गरेर ३० गते मात्र अपरेसन गरेको उहाँको भनाइ छ । अपरेसन गरेको घाउबाट पानी बग्ने समस्या भएपछि पुन: अपरेसन गरेर सफा गरेपछि घाउ सुक्दै गएको उहाँले बताउनुभयो । बिरामीको केस कत्तिको जटिल हो ? भन्ने प्रश्नको उत्तरमा बर्णवालले बिरामी आफैले सानोमा लडेर ढाडमा चोट लागेको र दाइने खुट्टा पहिलेदेखि नै घरिघरि दुख्ने र टन्किने समस्या भएको बताएको डाक्टरको भनाइ छ । अहिलेको अवस्था हेर्दा तीन महिनामा बिरामी हिँड्न सक्ने अवस्थामा पुग्ने डा. बर्णवालले बताउनुभयो । उहाँका अनुसार थप समस्या नदेखिए अबको एक हप्ताभित्र आचार्यलाई डिस्चार्ज गरिन्छ ।

### के भन्छन् घटनाका प्रत्यक्षदर्शी ?

घटना विद्यालयका लेखापाल बाबुराम सुवेदीको घरमा भएको थियो । सुवेदीकै छिमेकी गंगा क्षेत्रीका अनुसार दीपकले कृष्णप्रसादको हात समातेर हिसाव हेर्न जाउँ भनेर तान्दा एकापट्टिको खुट्टा लर्केर लड्नुभएको हो ।

उहाँले भन्नुभयो 'कुटपिट पनि भएको होइन, त्यहाँ फी को कुरा भएको थियो दिपक सरले हिसाव नहेरी हुँदैन भनेर बाइकमा बसालेर लान खोज्दा उहाँको खुट्टा चिप्लेर लड्नुभएको हो । '

यस्तै अर्का प्रत्यक्षदर्शी भक्त बहादुर कार्कीका अनुसार घटनाको समयमा उहाँ घटनास्थल पारिपट्टि रहेको पसलमा किनमेलका लागि आउनुभएको थियो । उहाँले कुटपिट भएको आफूले नदेखेको तर एकआपसमा भनाभन भएको सुनेको बताउनुभयो । 'हिसाब किताबकै कुरा चल्दा भनाभन भयो अनि हात तानेर बाइकमा चढाउन खोज्दा कृष्णप्रसाद चिप्लिएर लड्नुभएको हो । चिप्लिएर लडेकाले हामी उठाउन पनि गएनौं ।' उहाँले भन्नुभयो ।

### विद्यालय सञ्चालकविरुद्ध मुद्दा दायर

घटनाको विषयमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्तासमेत भइसकेकाले अनुसन्धानपछि मात्रै वास्तविकता खुल्ने प्रहरीले जनाएको छ । पीडित पक्ष र पीडक पक्षबीच प्रहरी कार्यालयमा छलफल हुँदा पीडित पक्षले उपचार खर्च बेहोर्नुपर्ने सहितका केही माग राखेपछि सहमति हुन नसकेको दीपक कुँवरका भाइ प्रकाश कुँवरको भनाइ छ । पिडक पक्षले पहुँचका आधारमा प्रहरीमा उजुरी दिन समेत रोक लगाएको र यता उपचारको क्रममा ठुलो रकम खर्च हुँदै गएपछि मुद्दा दायर गरेको पीडित पक्षको भनाइ छ ।

## छोटकरी

### लागुऔषधसहित दुई जना पक्राउ

**भक्तपुर/हिटा ।** महानगरीय प्रहरी अपराध महाशाखाको टोलीले भक्तपुरको सल्लाघारीबाट लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । वीरगञ्जबाट ठूलो परिमाणमा लागुऔषध काठमाडौं भित्र्याउँदै गरेको प्राप्त सूचनाका आधारमा महानगरीय प्रहरी अपराध महाशाखाबाट खटिएको टोलीले मंगलबार ना ३ ख ९८९ नम्बरको ट्रकमा लुकाईछिपाई ल्याइरहेको अवस्थामा लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको महाशाखाले जनाएको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक बाह्रबिसेका ३७ वर्षीय डम्बरबहादुर प्रधान र ३६ वर्षीय विष्णु प्रधान छन् । उनीहरूको साथबाट नौ हजार ३०० थान डाइजेपाम इन्जेक्सन र तीन हजार ६०० थान नाइट्रोजेपाम बरामद गरेको प्रहरीले जनाएको छ ।

### पहिरोले घर पुरिँदा युवतीको मृत्यु

**पोखरा/हिटा ।** अबिरल वर्षासँगैको पहिराका कारण घर भत्किँदा कास्कीको रुपा गाउँपालिकामा एकको मृत्यु भएको छ । मंगलबार बिहान रुपा गाउँपालिका-६ बराहथोकका काजीबहादुर विकको घरमाथिबाट आएको पहिराले ढुंगा माटोले बनेको घर पुरिँदा विकका २० वर्षीया छोरी सिर्जनाको मृत्यु भएको हो । घरभन्दा अन्दाजी ५० मिटर माथिबाट आएको पहिराले घर पुरेको थियो । परिवारका अन्य सदस्य भने भाग्न सफल भएकाले सुरक्षित रहेको प्रहरीले जनाएको छ । प्रहरीचौकी भीरचोक तथा इलाका प्रहरी कार्यालय शिशुवाबाट गएको प्रहरी टोली र स्थानीयवासीको सहयोगमा शव बाहिर निकालिएको थियो । पहिराले स्थानीय हरिराम विक, चूडामणि सुनार र माया विकको घर जोखिममा रहेकाले उनीहरूलाई अन्यत्र व्यवस्थापनको तयारी गरिएको गाउँपालिका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो ।

### ५० किलो धातुसहित दुई जना पक्राउ

**जनकपुर/हिटा ।** सुनचाँदीको गहनामा रसायनको रूपमा प्रयोग हुने ५० किलो धातुसहित दुई जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको मठिहानी नगरपालिका-७ का २० वर्षीय श्याम दास र सोही ठाउँ बस्ने २२ वर्षीय मो.नुरारी लहेरी छन् । भन्सार छलेर चोरीपैठारी गरी ओसारपसार गरिरहेको गोप्य सूचनाका अधारमा उनीहरूलाई प्रहरीले जनकपुरबाट पक्राउ गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षकको कमाण्डमा खटेको टोलीले जनकपुरधाम उपमहानगरपालिका-५ सोनरपट्टीमा जाँच गर्ने क्रममा दुईवटा साइकलमा सवार उनीहरूलाई पक्राउ गरिएको हो । खानतलासी गर्दा सुनचाँदीको गहनामा रसायनको रूपमा प्रयोग हुने १० लाख ६२ हजार बराबरको चाँदी जस्तो देखिने सेतो रङको धातु अन्दाजी ५० किलोसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो ।

# अस्पतालमा सेवा विस्तार भए पनि जनशक्ति अभाव

**सीताराम ओझा/प्रदीप पाठक**
**धनगढी, २३ भदौ**

चार वर्षपहिले सघन उपचार कक्ष आइसियुका उपकरण खरिद गरी थन्काएको कञ्चनपुरको महाकाली अस्पतालले कोरोना भाइरसको महामारीपछि सेवा सञ्चालनमा ल्याएको छ । अस्पतालले दुईवटा भेन्टिलेटरसहित ६ शैय्याको आइसियु सञ्चालनमा ल्याएको छ भने वर्षौंदेखि एम्बुलेन्स र शववाहन सेवा नभएको अस्पतालमा कोरोना महामारीपछि मात्र सो सेवा विस्तार गरिएको छ । अस्पतालले अन्य सेवा समेत विस्तार गर्ने क्रममा रहेको छ । महाकाली अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर हरिकुमार श्रेष्ठले अस्पतालमा कोरोना महामारीपछि सघन उपचार कक्ष आइसियु सेवा, एम्बुलेन्सलगायतका सेवा थप गरिएको बताउँदै अन्य सेवा पनि विस्तार हुने क्रममा रहेको जानकारी दिनुभयो । उहाँले अस्पताललाई संघीय सरकारले चार वटा भेन्टिलेटरसहित थप १० शैय्याको आइसियु सेवा विस्तारका लागि बजेट पठाएकाले आवश्यक प्रक्रिया थालिएको बताउनुभयो । १० शैय्याको आइसियु सेवा विस्तार भए गम्भीर प्रकृतिका विरामीको उपचारमा सहज हुने अपेक्षा गरिएको छ । तर अस्पतालमा भेन्टिलेटर, आइसियुलगायतका थप सेवा विस्तार भए पनि जनशक्ति व्यवस्थापन गर्न सकिएको छैन । कोरोनाका गम्भीर विरामीलाई छुट्टै आइसियु कक्ष स्थापना गरी उपचार गर्नुपर्नेमा जनशक्ति नभएकै कारण समस्या हुने देखिएको छ । निमित्त मेडिकल सुपरीटेन्डेन्ट डा. श्रेष्ठले जनशक्ति व्यवस्थापनका लागि पहल भइरहेको बताउनुभयो ।

उहाँले सेवा विस्तारसँगै सञ्चालनका लागि जनशक्ति आवश्यक हुने भएकाले सम्बन्धित निकायसँग आग्रह गर्दै आएको उल्लेख गर्नुभयो । अस्पताल आफैँले जनशक्ति व्यवस्थापन गर्न आर्थिक स्रोतको अभाव भएकाले समस्या भएको मेसु श्रेष्ठ बताउनुहुन्छ । सुदूरपश्चिमकै रेफरल सेती प्रादेशिक अस्पतालमा समेत कोरोना महामारीपछि थप भेन्टिलेटर र आइसियु सेवा विस्तार भएका छन् । सेतीमा अहिले सातवटा भेन्टिलेटरसहित १० शैय्याको आइसियु सेवा सञ्चालनमा रहेको छ । अस्पतालले कोरोना संक्रमितका लागि छुट्टै आइसियु वार्ड स्थापना गरेको छ ।

सेती मात्र नभएर संघीय सरकारले महाकाली सहित डडेल्धुरा अस्पताल र टीकापुर अस्पतालमा समेत भेन्टिलेटर सहित ३५ शैय्याको आइसियु सेवा विस्तार गर्न बजेटको सुनिश्चितता पठाइसकेको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्र कार्कीले बताउनुभयो । तर सबै अस्पतालहरूमा जनशक्ति अभावका कारण विस्तारित सेवा सञ्चालनमा समस्या हुने देखिएको छ । प्रदेश सरकारले भने अस्पतालहरूमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्न संघीय सरकारसँग समन्वय भइरहेको कार्कीले जानकारी दिनुभयो ।

तत्काल प्रदेशभर महाकाली र सेती प्रादेशिक अस्पतालमा गरी गम्भीर प्रकृतिका संक्रमितको उपचार गर्न १६ वटा आइसियु शैय्या रहेका छन् । सीमित जनशक्तिको उपलब्धताका कारण ती आइसियुका शैय्या सञ्चालनमा समेत समस्या हुने देखिएकाले शीघ्र आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने माग गरिएको छ ।

**चिचिला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिचिला, संखुवासभा**
**१ नं. प्रदेश, नेपाल**

**बिज्ञापन रद्ध गरिएको बारे**

**प्रकाशित मिति : २०७७/०५/२४**

चिचिला गाउँपालिकाको कार्यालयले वडा नं. ५ को वडा कार्यालय भवन निर्माणार्थ मिति २०७७/०४/२७ गते प्रकाशन गरिएको सूचनामा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७७/०५/१० गतेको सूचना अनुसार विद्युतीय खरिद प्रणालीमा समस्या भएको हुँदा देहायका विज्ञापन रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | बिज्ञापन | विवरण | कैफियत |
|---|---|---|---|
| १. | CRM/W/NCB/1/077-78 | Construction of Ward No. 5 office building | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Bids**

**Chainpur Municipality**
**Office of The Municipal Executive**
**Chainpur, Sankhuwashava**
**Province No.1, Nepal**

**Invitation for Bids for the Upgrading of kharang-hattisude piluwadobhan Road**
**Contract Identification No: CM/NCB/W/01/077-78**

***First Date of publication: 2077/05/24***

1. **The Chainpur Municipality, Chainpur, Sankhuwashava** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Upgrading of kharang-hattisude piluwadobhan Road** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.1,68,69,724.4 (**Including VAT**).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Chainpur Municipality, Chainpur, Sankhuwashava** or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3. A complete set of Bidding Documents may be purchased from the office of Chainpur Municipality, Chainpur, Sankhuwashava by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 3000** during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp**,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank:** Rastriya Banijya Bank , Chainpur Branch

   **Name of Office:** Chainpur Municipality, Chainpur, Sankhuwashava

   **Antrik rajaswa Account no.:** 2030100301010002 (For bid document Purchase)

   **Dharauti Account no.:** 2030100303000002 (For bid security deposit)
4. Pre-bid meeting shall not be held .
5. Sealed or electronic bids must be submitted to the office of **Chainpur Municipality** through PPMO website **www.bolpatra.gov.np/egp on or before 12:00 hrs of 2077/06/23**. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hrs of 2077/06/23** at the office of Chainpur Municipality, Chainpur, Sankhuwashava. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs.4,21,800, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.